# गेरुवा गाउँपालिका

# २०७४

**७ भाद्र, २०७४**

| | | |
|---|---|---|
| गाउँपालिका | : | गेरुवा गाउँपालिका |
| जिल्ला | : | बर्दिया |
| प्रदेश | : | ५ नं. प्रदेश, नेपाल |

आज मिति २०७४ साल भाद्र ७ गतेका दिन गेरुवा गाउँपालिकाको नियमित बोर्ड बैठक बस्यो, उपस्थिति तथा निर्णय देहाय वमोजिम छ ।

**उपस्थिति**

| | | | |
|---|---|---|---|
| श्री जमान सिंह के.सी. | - | अध्यक्ष | सभाध्यक्ष |
| श्री हिमा कुमारी थरुनी | - | उपाध्यक्ष | सदस्य |
| श्री दयाराम बैद्य थारु | - | वडाअध्यक्ष, वडानं. १ | ,, |
| श्री आलोक कुमार थारु | - | वडाअध्यक्ष, वडानं. २ | ,, |
| श्री पुनाराम थारु | - | वडाअध्यक्ष, वडानं. ३ | ,, |
| श्री बल बहादुर चलाउने | - | वडाअध्यक्ष, वडानं. ४ | ,, |
| श्री धर्म प्रकाश थारु | - | वडाअध्यक्ष, वडानं. ५ | ,, |
| श्री टेक बहादुर चौधरी | - | वडाअध्यक्ष, वडानं. ६ | ,, |
| श्री शान्ती चौधरी | - | सदस्य | ,, |
| श्री राजु बडुवाल खत्री | - | सदस्य | ,, |
| श्री चन्द्ररुपा कामी | - | सदस्य | ,, |
| श्री मोवीला शर्मा पौडेल | - | सदस्य | ,, |
| श्री लक्षिण बहादुर नेपाली | - | सदस्य | ,, |
| श्री बम बहादुर वि क. | - | सदस्य | ,, |
| श्री भीम बहादुर खत्री | - | कार्यकारी अधिकृत | सदस्य सचिव |

**आमन्त्रित**

श्री ठाकुरप्रसाद चौधरी
श्री राजकुमार पौडेल
श्री दिपेन्द्र कुमार वि.सी.
श्री भूमिराज घिमिरे
श्री भागीराम चौधरी

**प्रस्तावहरु**

**१ नियमावली, कार्यबिधि र आचार संहिता स्वीकृति सम्बन्धमा**

**२ नीति तथा कार्यक्रम र विधेयक गाउँ सभामा प्रस्तुत् गर्ने स्वीकृति म्बन्धमा**

**३ गेरुवा गाउँपालिकाको पहिलो गाउँसभा सफलता पूर्वक सम्पन्न गर्ने व्यवस्था मिलाउने सम्बन्धमा**

**४ बिबिध**

**निर्णय नं.१**

प्रस्ताव नं. १ माथी छलफल गर्दा बिषयगत समितिको सिफारीशका आधारमा प्रस्ताव तयार पारी विषय विज्ञको राय र गेरुवा गाउँपालिकाको सहमति सहितका प्रकृया पूरा गरी गेरुवा गाउँपालिकाका कार्यकारी अधिकृतले आजको बैठकमा प्रस्तुत् गरेका तपशिल वमोजिमका नियमावली, कार्यबिधि र आचार संहिताहरुमा दफा-दफागत रुपमा अध्ययन/छलफल भयो ।

**तपशिल :**

१ गेरुवा गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४

२ गेरुवा गाउँपालिका कार्य विभाजन नियमावली, २०७४

३ गेरुवा गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकार-पत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४

४ गेरुवा गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७४

५ गेरुवा गाउँपालिकाको बैठक संचालन सम्बन्धी कार्यविधि, २०७४

६ गेरुवा गाउँपालिका गाउँ सभा सञ्चालन कार्यविधि, २०७४

उपरोक्त नियमावलीहरु नेपाल सरकारबाट निर्देशित नमुना कानुन वमोजिम सवै पक्षलाई समेटि तयार भई पेश भएको पाईएकोले यस बैठकबाट केहि सुझाव थप परिमार्जन सहित स्वीकृति गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.२**

प्रस्ताव नं. २ माथी छलफल गर्दा बिषयगत समितिहरुबाट संकलित विवरण तथा सुझावहरु र नेपाल सरकारबाट निर्देशित नमुना वमोजिम तयार गरिएका गेरुवा गाउँपालिकाबाट कार्यान्वयन हुने नीति तथा कार्यक्रम, आर्थिक विधेयक, २०७४ र विनियोजन विधेयक, २०७४ मा बिषय विज्ञहरुको राय समेत समेटि तयार गरी मिति २०७४/५/१५ देखी शुरु हुने गेरुवा गाउँपालिकाको पहिलो गाउँ सभामा पेश गर्न स्वीकृति दिने निर्णय गरियो ।

**निर्णय नं.३**

प्रस्ताव नं. ३ माथी छलफल गर्दा यस गाउँ पालिकाको पहिलो गाउँसभालाई ऐतिहासिक रुपमा सफलता पूर्वक सम्पन्न गर्न सवै पदाधिकारी र कर्मचारीहरु सकृयता पूर्वक परिचालित हुने र सवै पक्षलाई आहवान गर्ने साथै कार्य सञ्चालनार्थ तपशिल वमोजिमका उप समिति गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) (प्रतिनिधि, पर्यवेक्षक र प्रमुख अतिथि/अतिथि निमन्त्रणा) **अतिथि व्यवस्थापन उप-समिति**

भुपेन्द्र शाही,ठाकुर चौधरी, दिपेन्द्र वि.सी.र बाबुराम

(ख) (उद्घाटन सत्र मञ्च तथा वन्द सत्र) **हल/मञ्च व्यवस्थापन उप-समिति**

नारायण प्र.भण्डारी,भूमिराज घिमिरे,ठग्गु र छुन्नुराम

(ग) (व्यानर,व्याज,टोपी,झोला,डायरी,कलम) **सामान व्यवस्थापन उप-समिति**

तुल्सीराम श्रेष्ठ,रत्ना ठकुल्ला, पंकज माझी र गणेश

(घ) (पानी,चिया,खाजा,खाना) **खाद्य व्यवस्थापन उप-समिति**

राजकुमार पौडेल, अंशुराम र मनिराम

**निर्णय नं.४**

निर्णय नं.४ का सम्बन्धमा छलफल गर्दा गेरुवा गाउँपालिकाको विभिन्न बैठकहरुमा भाग लिने सहभागीहरुलाई उपलव्ध गराईने बैठक भत्ता र बैठकका लागि आवश्यक सामाग्रि व्यवस्थापन गर्ने कार्यलाई नियमन गर्न आबश्यक भएको हुँदा हाल सम्म भएका बैठक र भत्ता खर्च लेखिएकोलाई सोही वमोजिम समर्थन जनाउने र आजका मिति देखी लागु हुने गरी देहाय वमोजिम बैठक भत्ता तथा बैठक सामाग्रि व्यवस्थापन खर्च उपलव्ध गराउने निर्णय गरियो ।

**(क) बैठक भत्ता**

| सि.नं. | पद | बैठक भत्ता | | आवागमन भत्ता |
|---|---|---|---|---|
| १ | अध्यक्ष | रु.१,५००।- | | रु.५००।- |
| २ | उपाध्यक्ष/वडाध्यक्ष/सदस्य/सदस्य-सचिव | रु.१,०००।- | | रु.५००।- |
| ३ | सुरक्षा कर्मि/कार्यालय सहयोगी | रु.५००।- | खाजा भत्ता | - |

**(ख) बैठक व्यवस्था र व्यवसथा सामाग्रि**

**१ कार्य पालिका र वडामा बैठक बस्दा हरेक महिना अनिवार्य बैठक -१ र अन्य बैठक २ गरी अधिकतम ३ बैठक बस्ने ।**

२ बैठक सामाग्रि व्यवस्था गर्दा बैठक खर्च गर्न मिल्ने जुनसुकै शिर्षकको बजेटबाट आर्थिक शाखाले प्रस्ताव स्वीकृत गराई व्यानर,व्याज,टोपी,झोला,डायरी,कलम लगायतका सामान व्यवस्थापन गर्ने ।